जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक २८ २०८३ साल भदौ ३ गते बुधबार (19 Aug 2026 Wednesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पेसा फेरियो, दलन... ३ पृष्ठमा : औद्योगिक सुरक्षा बल स्थापना गर्ने ... ३ पृष्ठमा ४० प्रतिशत स्वास्थ्य संस्था ...

# मलखाद वितरणमा जनप्रतिनिधी र डिलरको मिलोमतो रहेको किसानको गुनासो




**दैनिक समाचारदाता**
**राजविराज, २ भदौ ।**

सप्तरीको खडक नगरपालिका १ स्थित मलखाद डिलर श्रीमिशन कृषि फर्मका संचालक र वडाअध्यक्षको मिलोमतोमा मलखादको कालोबजारी भइरहेको त्यहाका स्थानीय किसानहरुले आरोप लगाएका छन ।

सो पालिकाका पाँच दर्जन भन्दा बढी किसानहरुले मंगलबार पत्रकार सम्मेलनको आयोजना गरी श्रीमिशन कृषि फर्मका संचालक मनोज कुमार चौधरी र वडाअध्यक्ष राम कृष्ण चौधरीको मिलोमतोमा किसानहरुका लागी आएको मलखादमा कालोबजारी भईरहेको दाबी गरे ।

उनीहरु मंगलवार नै जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेर सो प्रकरणको छानवीन गरी दोषीमाथी कारवाहीको माग गर्दै प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापालाई ज्ञापन पत्र समेत बुझाएका छन ।

खडक नगरपालिका ११ का किसान धर्मनाथ यादवले मलको अभावमा खेतीपाती गर्न किसानले समस्या भोगिरहेका बेला डिलर र वडाअध्यक्ष मिलेर कालोबजारी गरीरहेको र वास्तविक किसानहरु मल नपाई रित्तो हात पर्कन बाध्य भएको सुनाए ।

उनले डिलर र वडाअध्यक्षको मिलोमतोमा एकै परिवारका ३/४ जना तथा आफ्ना आसेपासेका ब्यक्तीलाई किसान कार्ड बनाई मनपरी ढंगले मलखाद विक्री वितरण भइरहेको गुनासो पोखे ।

विदेशमा रहेका श्याम मुखिया, राम मुखिया र रामशंकर यादव लगायतको नाममा किर्ते किसान कार्ड बनाएर मलखाद खरिद गरी आफ्ना नाता गोता र आसेपासेलाई बेच्ने गरेको बताए ।

पत्रकार सम्मेलनमा प्रमाणका रुपमा किसान कार्ड र डिलरबाट एक महिनाको अवधीमा वितरण गरिएको मल• स्खाद वितरणको विवरण सहितको प्रतिलिपी समेत किसानहरुले सार्वजनिक गरेका छन ।

अर्का किसान नवेन्द्र रामले

***बाँकी अन्तिम पृष्ठमा***

# अर्धमासिक तलब भुक्तानी गर्न परिपत्र

काठमाडौँ, २ भदौ (रासस) ।

महालेखा नियन्त्रक कार्यालयले राष्ट्रसेवक कर्मचारीको तलब भत्ता अर्धमासिक रुपमा भुक्तानी गर्न सम्बन्धित निकायलाई पत्राचार गरेको छ ।

सोमबार कोष तथा लेखा नियन्त्रक कार्यालय सबै निवृत्तभरण व्यवस्थापन कार्यालय र कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयलाई पत्राचार गरी सङ्घीय सरकार अन्तर्गतका निकायमा कार्यरत राष्ट्रसेवकलाई हरेक १५ दिन पुगेपछि अर्धमासिक रुपमा तलबभत्ता भुक्तानी गर्न पत्राचार भएको हो ।

अर्थमन्त्रीस्तरको २०८३ वैशाख ४ गतेको नीतिगत मार्गदर्शन अनुसार सङ्घीय सरकार अन्तर्गतका निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीले १५ दिन काम गरिसकेपछि तलबभत्ता उपलब्ध गराउन अनुरोध भएको छ ।

त्यस्तैगरी, बजेट वक्तव्य २०८३/८४ अनुसारको कर्मचारी प्रोत्साहन भत्तासमेत भुक्तानी गर्नु गराउनुहुन एवं कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्य क्षेत्रभित्रका सङ्घीय सरकारी निकायबाट माथि उल्लेख भए बमोजिम भुक्तानीको लागि निकासा माग भई आएमा सोही अनुसार भुक्तानी गर्न पनि अनुरोध भएको छ ।

# हटाइदै अतिक्रमित संरचना र सडक छेउको तरकारी बजार



**दैनिक समाचारदाता**
**राजविराज, २ भदौ ।**

नेपालकै पुरानो टाउन प्लानिङ्ग नगर राजविराजलाई अतिक्रमण मुक्त, सुन्दर र व्यवस्थित बनाउन अहिले राजविराज नगरपालिका लागिपरेको छ ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनसहित नगरपालिकाका कर्मचारी र सरसफाईकर्मीको टोलीसहित अहिले नगरलाई व्यवस्थित बनाउन लागिपरेका हुन् ।

नगरको राममन्दिर-अदालत रोड सडक खण्डको सडकपेटी अतिक्रमण गरि बसेका फुटपाथे पसल हटाएको टोलीले हटिया कम्पलेक्स वरिपरी अतिक्रमण गरी बसाईएका फुटपाथे पसलहरु समेत हटाएका छन् ।

पटक-पटक सूचना र त्यसपछि मौखिक आग्रह गरी सडक तथा हटिया कम्पलेक्स

***बाँकी अन्तिम पृष्ठमा***

# शैयाबाटै रामपरीद्वारा सहयोगको याचना



**दैनिक समाचारदाता**
**राजविराज, २ भदौ ।**

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको आकस्मिक कक्षमा दुबै मृगौला काम नलाग्ने भई उपचाररत एक विपन्न तथा निःसन्तान महिलाले आफ्नो ज्यान बचाउन सहयोगको याचना गरेकी छिन् ।

एक सातादेखि भर्ना भई डायलासिसको प्रक्रियामा रहेकी सप्तरीको राजगढ गाउँपालिका ३ नर्घोकी ४६ बर्षीया रामपरी देवी भगतले अस्पतालको शैयाबाट जीवन रक्षाका लागि आर्थिक सहयोगको याचना गरेकी हुन् ।

निसन्तान रहेकी उनी अर्काको खेतबारीमा ज्याला मजदुरी गरेर परिवार पाल्ने उनका ५० बर्षीय श्रीमान् जयनारायण विगत तीन महिनादेखि आफै विरामी परेर आर्थिक अभावमा उपचार गराउन नसकी घरमै बस्न बाध्य छन् ।

रामपरी पनि डेढ महिना यता विरामी परेर आफै

***बाँकी अन्तिम पृष्ठमा***

**मानव बेचबिखन नियन्त्रण गरौं**

मानव बेचविखन भन्नाले:

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

तसर्थः

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासमा वाधा अवरोध नगरौं

राजविराज नगरपालिका अहिले कार्य क्षमता, दक्षता तथा पहलकर्ताको अभावमा पछाडी पर्दै गएको छ । बाटोघाटो, भौतिक पूर्वाधार, अव्यवस्थित बसोवास लगायतमा केही सुधार भएपनि ती सबै कार्यहरु अहिले निर्माणाधीन नै छ । अन्य नगरको तुलनामा उक्त विकास ज्यादै न्युन हो । राजविराज भन्दा कान्छा नगरपालिकाहरु अहिले विकासको मामलामा निकै अगाडी बढीसकेका छन् । सप्तरीकै सप्तकोशी नगरपालिका बाटोघाटो निर्माणमा धेरै अगाडी छ । त्यस्तै कंचनरुप अगाडी बढ्ने क्रममा छ । बोदेबर्साइन विकासको गतिमा छ ।

त्यस्तै छिमेकी जिल्लाको लहान नगरपालिका राजविराजको तुलनामा धेरै अगाडी छ । गोलबजार पनि विकासको सन्दर्भमा अगाडी बढिरहेको छ । सुनसरीको इनरुवा नगरपालिका पनि निकै अगाडी छ । इटहरीमा त विकासको ओइरो नै लागेको छ । यी सबै नगरपालिकाहरु राजविराज भन्दा निकै कान्छा हुन् । यसरी हेर्दा राजविराज समय, परिस्थिति तथा उचित पहलका कारण पछाडी पर्दै गएको छ ।

विकास भनेको चौतर्फी प्रयासले हुने हो । एकलौटी निर्णय गरेर विकास कहिले हुँदैन् । तसर्थ यसका लागि सम्पूर्ण जनताको साथ र मनोभावनालाई कदर गर्दै अगाडी बढेमा पक्कै पनि विकास हुने कुरामा दुई मत छैन् ।


### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# पेसा फेरियो, दलन फेरिएन

**राजेश विद्रोही**
काठमाडौं, २ भदौ (रासस) ।

नेपालमा सामाजिक विभेदको इतिहास विडम्बनापूर्ण छ । जुन वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायले पुस्तौँदेखि आफ्नो श्रम, सीप र उत्पादनबाट समाजको दैनिक जीवन सञ्चालनमा सहज गरे । आज उनीहरू नै समाजमा सामाजिक सम्मान, सामूहिक अवसर र समानताबाट सबैभन्दा बढी बन्चित छन् । यतिसम्म कि उनीहरूको परम्परागत पेसा, श्रम र सीप आधुनिक बजारमा मूल्यवान् बन्दै गएपछि त्यसको आर्थिक लाभ कथित उच्च समुदायहरूले लिन थालेका छन् । पेसा फेरिएको छ, प्रविधि फेरिएको छ, बजार फेरिएको छ तर विभेद र विभेद्कारी मानसिकता भने अपेक्षित रूपमा फेरिन सकेको छैन । आजको लोकतान्त्रिक समाजमा यसले एउटा गम्भीर प्रश्न र बहस जन्माएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा र श्रमबाट मात्र वञ्चित भएका छन् कि आफ्नो पेसा र श्रमको स्वामित्वबाट पनि बन्चित छन् ? र, अहिलेको आधुनिकताले उनीहरूलाई विभेदबाट मुक्त गऱ्यो कि उनीहरूको परम्परागत पेसा नै खोस्यो ?

जातीय व्यवस्थामा आधारित बलियो नेपाली समाज र यहाँको सामाजिक संरचनामा पेसा र जातबीच लामो समयसम्म गहिरो सम्बन्ध छ । कामका आधारमा समुदायहरूलाई वर्गीकृत गरियो र त्यसलाई जन्म र मृत्युसँग जोडेर पुस्तान्तरण गरियो । पहाडमा कामी, दमाईं, सार्की, गाइनेलगायत समुदायका परम्परागत जातीय सीप र श्रम समाजका लागि अपरिहार्य थिए । कामी लोहार तथा धातुका काममा, दमाईं कपडा सिलाउने र बाजा बजाउने काममा तथा सार्की छाला र जुत्ता बनाउने काममा परिचित थिए ।

यस्तै, मधेसमा पनि डोम, दुसाध, चमार, मुसहर, बाँतर, खत्वे, धोवीलगायत समुदायलाई जातिगत पेसाका आधारमा वर्गीकृत गरियो । चमारले छाला, जुत्ता तथा बाजागाजाको काम गर्थे । दुसाधले नाचगानलगायतका काम गर्थे । मुसहर र बाँतरले माटो तथा श्रमसँग सम्बन्धित काम गर्थे । धोवीले कपडा धुने काम गर्थे । डोमले बाँसका सामग्री बनाउनेदेखि मृतकको शव जलाउनेसम्मका काम गर्थे । यस्ता विभिन्न अध्ययन तथा अनुसन्धानहरूले पनि यी समुदायका परम्परागत पेसा जातीय संरचनासँग जोडिएको र उनीहरू श्रम गरे पनि सामाजिक रूपमा न्यून दर्जामा राखिएको देखाएका छन् । अर्थात्, उनीहरूको श्रम समाजका लागि आवश्यक थियो । तर उनीहरूको सामाजिक हैसियत स्वीकार्य थिएन । यही नै नेपाली जातीय वर्ण व्यवस्थाको सबैभन्दा ठूलो विरोधाभास हो ।

कपडा सिलाउने दमाई चाहिन्थ्यो तर उसलाई घरभित्र प्रवेश गर्ने अधिकार थिएन । हलो, कोदालो, हँसिया र कृषि औजार बनाउने कामी चाहिन्थे तर उसले छोएको पानी अशुद्ध मानिन्थ्यो । जुत्ता बनाउने चमार र सार्की चाहिन्थे तर उनीहरूलाई सामाजिक रूपमा अछूत बनाइन्थ्यो । उनीहरूले बनाएका वस्तु प्रयोग गर्न हुन्थ्यो तर उनीहरूले समान नागरिकको व्यवहार पाउँदैन्थ्यो । यो केवल सामाजिक अपमान मात्र थिएन, यो श्रम र श्रमिकमाथिको कठोर तथा अमानवीय संरचनात्मक नियन्त्रण पनि थियो ।

**श्रम थियो, मूल्य थिएन**

परम्परागत ग्रामीण अर्थतन्त्रमा 'बालीघरे' जस्ता व्यवस्थाले दलित शिल्पी समुदाय र गैरदलित परिवारबीच आर्थिक सम्बन्ध बनाएको थियो । तर त्यो सम्बन्ध बराबरीको आर्थिक कारोबार थिएन । एकातिर सेवा र सीप थियो, अर्कोतिर आश्रय र निर्भरता । अनुसन्धानहरूले बालीघरे तथा हलीजस्ता व्यवस्थालाई नगदविहीन, असमान संरचनासँग जोडेर हेरेका छन्, जहाँ दलित समुदायले आफ्नो श्रमको उचित आर्थिक मूल्य पाउन कठिन थियो र भूमिस्वामित्वमा पनि उनीहरू पछाडि थिए ।

यतिसम्म कि श्रमिकसँग आफ्नो श्रमको उचित मूल्य निर्धारण गर्ने अधिकार समेत थिएन । उनीहरू उत्पादन गर्थे, तर त्यसको मूल्य कथित उच्च समुदायका मालिकले निर्धारण गर्थे । उनीहरू सेवा गर्थे, तर सामाजिक प्रतिष्ठा पाउँदैनथे । उनीहरूले सीप पुस्तान्तरण गर्थे, तर त्यो सीपलाई औपचारिक ज्ञानको मान्यता दिइएन । उनीहरू सीपले समाजलाई चलाए, तर समाजको नेतृत्व गर्ने अवसर पाएनन् । यही कारणले दलित शिल्पी समुदायको इतिहास केवल गरिबीको इतिहास मात्र होइन्, यो श्रमको अवमूल्यन र सामाजिक बहिष्करणको इतिहास पनि हो ।

**पेसा बदलियो तर स्वामित्व आएन**

समय बदलियो । गाउँको परम्परागत अर्थतन्त्र विस्तारै बजार अर्थतन्त्रमा बदलियो । हातले बनाउने वस्तुको स्थान मेसिनले लिन थाल्यो । सिलाइ व्यवसाय उद्योगमा बदलियो । फलामका औजार कारखानामा उत्पादन हुन थाले । छालाका सामग्री उद्योग र ब्रान्डमा परिणत भए । सङ्गीत र बाजागाजाको क्षेत्र व्यावसायिक भयो । जुन सीपलाई पुस्तौँसम्म दलित शिल्पी समुदायले जोगायो आज त्यही उत्पादन आधुनिक बजारमा फेरिएपछि त्यसको व्यावसायिक मूल्य पनि बढ्यो । तर त्यसको स्वामित्व र लाभ भने दलित शिल्पी समुदायले पाउन सकेन । अर्थात् पेसा फेरियो तर दलन फेरिएन् । युगसापेक्ष विभेद पुस्तान्तरण भयो ।

एक समय 'तल्लो जातको काम' भनेर हेपिएका पेसाहरू आज व्यवसाय, उद्योग र उद्यमका रूपमा स्थापित भइरहेका छन् । जुत्ता बनाउने काम 'सार्कीको काम' मात्र रहेन्, त्यो ठूलो बजार भएको व्यवसाय बन्यो । कपडा सिलाउने काम 'दमाईको पेसा' मात्र रहेन्, फेसन उद्योग बन्यो । धातु तथा हस्तकलाको काम 'कामीको काम' मात्र रहेन्, उद्योग र कलाका रूपमा स्थापित भयो । बाजागाजा तथा नाट्यकलाको काम झसार्की र चमारको काम'मात्र रहेन्, आधुनिकीकरण भयो । तर विडम्बना के छ भने पेसा आधुनिक भयो तर पेसा गर्ने व्यक्ति आधुनिक समानतामा पुगेन । यसले आजको आधुनिक समाजलाई गम्भीर मोडमा झन पुर्‍याएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा श्रमबाट वञ्चित भयो तर विभेदबाट वञ्चित हुन सकेको छैन ।

**तथ्याङ्कले बोलेको असमानता**

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहाडी दलितको जनसङ्ख्या २५ लाख छ हजार ६१२ अर्थात् ८.५९ प्रतिशत र मधेसी दलितको जनसङ्ख्या १३ लाख ९२ हजार ३७८ अर्थात् ४.७८ प्रतिशत देखाएको छ । अर्थात् यी दुई समूह जोड्दा दलित जनसङ्ख्या ३८ लाख ९८ हजार ९९० पुग्छ । विश्वकर्मा १४ लाख ७० हजार १०, परियार ५ लाख ६५ हजार ९३२ र मिजार चार लाख ५२ हजार २२९ जनसङ्ख्याका ठूला पहाडी दलित समुदाय हुन् । तराईतर्फ चमार/हरिजन/राम तीन लाख ९३ हजार २५५, मुसहर दुई लाख ६४ हजार ९७४ र दुसाध/पसवान/पासी दुई लाख ५० हजार ९७७ जनसङ्ख्या भएका प्रमुख समुदाय हुन् । उनीहरूको बाक्लो जनसङ्ख्या हुनु तर राज्य अवसरमा उनीहरूको समान पहुँच हुन नसक्नु अदृश्य विभेदको ठूलो लोकतान्त्रीकरण भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले पनि दलित समुदायको जनसङ्ख्याको आधारमा राज्य संयन्त्रमा सम्मान प्रतिनिधित्व निकै कम रहेको उल्लेख छ । उक्त प्रतिवेदनअनुसार निजामती सेवामा दलित प्रतिनिधित्व करिब दुई प्रतिशत, नेपाल प्रहरीमा नौ प्रतिशत, नेपाली सेनामा आठ प्रतिशत र न्यायपालिकामा एक प्रतिशत मात्र रहेको छ । सोही प्रतिवेदनमा कोभिड-१९ को समयमा अभिलेख भएका दलित मानवअधिकार उल्लङ्घनका घटनामध्ये ३१ प्रतिशत जातीय विभेदसँग सम्बन्धित रहेको छ । यसले के देखाउँछ भने समस्या केवल 'पुरानो पेसा' को होइन ।

समस्या सम्मान अवसर, स्रोत, शिक्षा, रोजगारी, प्रतिनिधित्व र सामाजिक न्याय र सम्मानमा ठूलो को छ भन्ने हो । यतिसम्म कि एक समय समाज र राज्यका शासकहरूले शिक्षा र सम्पत्ति राख्न नपाउने अधिकार समेत खोसिँदा यसको मार आजसम्म यो समुदाय भोग्न विवश छन् । तर अझै पनि तिनका आजका पुस्ताले भन्दैछन्, दलित शिल्पी समुदायले सबै कुरा पाइसक्यो । अगाडि बढ्न कसले र केले रोकेको छ भनेर । पुस्तौंसम्म ढाड भाँच्ने गरी सामाजिक, आर्थिक, राजनीतिक र अमानवीय विभेदको जाँतोमा पिल्सियो तर आज पनि उस्तै भनिदैछन् । झारा टारिरहेका छन् ।

**कानुन फेरियो तर मानसिकता फेरिएन**

नेपालको संविधानले जातीय आधारमा हुने सबैखाले विभेद र छुवाछूतलाई निषेध गरेको छ । जात, जाति, समुदाय वा पेसाका आधारमा हुने विभेद कानुनी रूपमा निशेध गरिएको छ । छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले सार्वजनिक तथा निजी जीवनमा जातीय आधारमा गरिने छुवाछूत, बहिष्कार र विभेद्लाई दण्डनीय बनाएको छ । तर कानुन बन्नु र सामाजिक चेतना बदलिनु एउटै कुरा होइन ।

राष्ट्रिय मानव अधिकार आयोगकै पुरानो अध्ययनले पीडितहरू आर्थिक निर्भरता, सामाजिक दबाब र चेतनाको अभावका कारण विभेदका घटना उजुरी गर्न हिच्किचाउने गरेको देखाएको छ । आयोगले यसलाई विभेदबाट वञ्चिती र वञ्चितीबाट पुनः विभेद पैदा हुने चक्रका रूपमा औँल्याएका छन् । अर्थात् विभेद केवल एउटा व्यक्तिको व्यवहार होइन्, यो आर्थिक निर्भरता, सामाजिक सम्बन्ध, विवाह, शिक्षा, रोजगारी, सहभोज, धार्मिकस्थलमा सामूहिक प्रवेश र राजनीतिक शक्तिसँग गाँसिएको संरचनात्मक समस्या हो ।

**जातीय पेसा होइन, अधिकार**

दलित शिल्पी समुदायलाई फेरि पुरानै जातीय पेसामा फर्काउने होइन । आधुनिक समाजले सबै पेसालाई खुला, सम्मानित र बजारमुखी बनाउनुपर्छ । कामीको सीप केवल 'कामीको काम' होइन, त्यो आधुनिक धातु उद्योग, इन्जिनियरिङ र हस्तकलाको आधार बन्न सक्छ । दमाईंको सिलाइ सीप फेसन उद्योग र उद्यमशीलतासँग जोडिन सक्छ । सार्की र चमारको छाला प्रशोधन र जुत्ता निर्माणको ज्ञान आधुनिक उद्योगमा रूपान्तरण हुन सक्छ । तर त्यसका लागि राज्यले केवल आरक्षणको संख्या गन्ने होइन, सीप, पुँजी, प्रविधि, बजार र स्वामित्वमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ । परम्परागत सीपको दस्तावेजीकरण, प्राविधिक शिक्षा, सहुलियतपूर्ण ऋण, उत्पादनमा सहकारी वा सामुदायिक स्वामित्व, ब्रान्ड निर्माण, बजार पहुँच र सरकारी खरिदमा प्राथमिकता जस्ता कार्यक्रम आवश्यक छन् । परम्परागत शिल्पलाई 'गरिबको पेसा' होइन, राष्ट्रिय उत्पादन र सांस्कृतिक सम्पदाका रूपमा पुनःपरिभाषित गर्नुपर्छ र विभेदलाई व्यवहारमै न्यूनीकरण गर्दै जानुपर्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा के छ भने श्रमको सम्मान र श्रमिकको सम्मानलाई अलग गर्न मिल्दैन । जुन हातले समाजका लागि जुत्ता बनायो, त्यस हातलाई अपमान गरेर जुत्ताको मूल्य बढाउन सकिँदैन । जुन हातले औजार बनायो, त्यस हातलाई अछूत बनाएर आधुनिक उद्योगको गौरव गर्न सकिँदैन । जुन हातले कपडा सिलायो, त्यस हातलाई जातका आधारमा तल राखेर फेसन उद्योगको आधुनिकता पूरा हुँदैन । जुन श्रम र पसिनाले जङ्गल फाँडेर जमिन बनायो, उनीहरूलाई भूमिहीन सुकुम्बासी बनाउनु हुँदैन ।

नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्ने मात्र होइन । उनीहरू आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गऱ्यो कि गरेन भने हो । किनभने नेपालले अब जातीय पेसाको विगतबाट आर्थिक समानताको भविष्यतर्फ जानुपर्छ । पेसा बदलियो तर जातीय दृष्टि बदलिन सकेन भने त्यो रूपान्तरण होइन्, विभेदको नयाँ रूपान्तरण मात्र हो । त्यसैले आजको सबैभन्दा असहज तर निर्णायक प्रश्न भनेको दलित शिल्पी समुदायको पेसालाई व्यावसायिक रुपमा आधुनिकीकरण त गरियो, तर उनीहरूलाई अमानवीय विभेदबाट मुक्त गरेर उनीहरूको जीवनलाई आधुनिकीकरण किन गर्न सकिएन ? आफूसरह किन समाजमा सामाजिक हैसियत निर्माण गर्न सकिएन ?

# औद्योगिक सुरक्षा बल स्थापना गर्ने लक्ष्यसहित सरकारद्वारा 'निजी लगानी संरक्षण तथा प्रवर्द्धन रणनीति' कार्यान्वयनमा

काठमाडौँ, २ भदौ (रासस) ।

सरकारले निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण तथा प्रवर्द्धन गर्दै लगानीकर्ताको मनोबल उच्च बनाउने उद्देश्यले 'निजी लगानी संरक्षण तथा प्रवर्द्धन रणनीति' जारी गरेको छ ।

देशमा तीव्र आर्थिक विकास र रोजगारी सिर्जनाका लागि निजी क्षेत्रलाई उच्च मनोवलका साथ लगानी गर्ने वातावरण निर्माण गर्न रणनीति ल्याइएको सरकारले स्पष्ट गरेको छ । लगानीकर्ता एवं औद्योगिक तथा व्यावसायिक संरचनाको भौतिक सुरक्षा, सम्पत्ति संरक्षण, आर्थिक पुनरुत्थान, कानुनी तथा नियामकीय सरलीकरण, लगानी संरक्षण तथा प्रवर्द्धन र युवा उद्यमशीलता विकासलाई रणनीतिले प्राथमिकतामा राखेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्ले २०८२ चैत १३ गते स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा निजी क्षेत्रको सुरक्षा तथा प्रवर्द्धन रणनीति तर्जुमा गरी लागू गर्ने कार्ययोजना समावेश थियो । सोही कार्ययोजनाअनुसार रणनीति स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको हो । रणनीतिको कार्यान्वयनबाट औद्योगिक तथा व्यावसायिक लगानीको सुरक्षा र संरक्षणको प्रत्याभूति भई निजी क्षेत्रको मनोबल बढ्ने र अर्थतन्त्रको समग्र विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

विभिन्न बहानामा हुने आन्दोलन, प्रदर्शन, बन्द, हडताल तथा सामाजिक-राजनीतिक अस्थिरताका कारण उद्योग व्यवसायमा परेको असरलाई सम्बोधन गर्नु रणनीति ल्याउनुको प्रमुख उद्देश्य रहेको छ । आन्दोलनका क्रममा उद्योग परिसर तथा आसपासमा लुटपाट र आगजनी हुने, उद्योग सञ्चालनमा अवरोध सिर्जना हुने तथा उत्पादन र व्यवस्थापन प्रक्रियामा प्रत्यक्ष-अप्रत्यक्ष असर पर्ने गरेको जारी रणनीतिमा उल्लेख छ ।

राष्ट्रिय योजना आयोगले २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्याङ्कन गर्दा करिब रु ८४ अर्ब बराबरको भौतिक सम्पत्तिमा क्षति भएको आकलन गरेको छ । यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले गरेको एक अध्ययनले पनि उद्योग तथा व्यवसायलाई 'शान्ति क्षेत्र' घोषणा गर्न र आन्दोलनलगायतका अवस्थामा उद्योगको सुरक्षा सुनिश्चित गर्न औद्योगिक सुरक्षा विधेयक तर्जुमा गर्न सुझाव दिएको थियो ।

सरकारले रणनीतिमार्फत औद्योगिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्था, साना तथा मझौला उद्यम र सेवा क्षेत्रसमेतको सुरक्षा सुनिश्चित गर्ने लक्ष्य लिएको छ । सुरक्षा निकाय, सरकारी संयन्त्र र निजी क्षेत्रबीच समन्वय बढाएर सुरक्षित, स्थिर र विश्वसनीय व्यावसायिक वातावरण निर्माण गर्ने रणनीतिको उद्देश्य छ ।

औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको भौतिक सम्पत्तिको सुरक्षाका लागि क्रमशः औद्योगिक सुरक्षा बल स्थापना गर्ने व्यवस्था रणनीतिमा राखिएको छ । साथै औद्योगिक सुरक्षासम्बन्धी विद्यमान कानुनी व्यवस्थाको समसामयिक पुनरावलोकन तथा संशोधन गरिने जनाइएको । औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्रामलाई 'शान्ति क्षेत्र' घोषणा गरी त्यहाँ कुनै पनि अवाञ्छित गतिविधि हुन नदिने व्यवस्था गरिने पनि रणनीतिमा उल्लेख छ । उद्योग तथा व्यवसायलाई सुरक्षा जोखिमका आधारमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा उपलब्ध गराउने सरकारको योजना छ ।

जारी रणनीतिअनुसार उद्योग तथा व्यवसायको जोखिमअनुसार द्रुत सुरक्षा टोली परिचालन गरिनेछ भने नजिकको सुरक्षा एकाइमा उद्योग तथा व्यवसायका लागि सुरक्षा सम्पर्क व्यक्ति तोकिनेछ । त्यस्तै, औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमाथि हुने आक्रमण, तोडफोड तथा आगजनीमा शून्य सहनशीलताको नीति अपनाइनेछ । उद्योगी तथा व्यवसायीको निजी सम्पत्ति र आवासमा हुने आक्रमण तथा तोडफोडमा समेत यही नीति लागू हुनेछ ।

रणनीतिले आन्दोलनका क्रममा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानबाट लुटिएका मालसामान फिर्ता गर्न विशेष खोज अभियान सञ्चालन गर्ने व्यवस्था गरेको छ । वस्तु तथा सेवाको निर्बाध आपूर्ति सुनिश्चित गर्न राजमार्ग तथा रणनीतिक मार्गमा निरन्तर सुरक्षा गस्ती परिचालन गरिनेछ ।

त्यस्तै, प्रत्येक जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रमा रहेको 'हटलाइन'लाई २४ घण्टा औद्योगिक सुरक्षा 'हटलाइन'का रूपमा समेत सञ्चालन गर्ने व्यवस्था गरिने रणनीतिमा उल्लेख छ ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा उद्योगी-व्यवसायीका प्रतिनिधि सहभागी जिल्ला औद्योगिक तथा व्यावसायिक सुरक्षा समन्वय समिति गठन गरिनेछ । उक्त समितिले जिल्लाको औद्योगिक सुरक्षा चुनौतीको नियमित समीक्षा र विश्लेषण गर्ने गरी रणनीति कार्यान्वयनमा ल्याइएको छ ।

त्यस्तै, सरकारले आन्दोलनका कारण आगजनी वा तोडफोडमा परेका निजी उद्योग तथा व्यवसायलाई पुनः सञ्चालनका लागि राहत र सहुलियत उपलब्ध गराउने नीति लिएको छ । प्रचलित कानुन तथा वार्षिक बजेटमा व्यवस्था गरी एक आर्थिक वर्ष वा निश्चित अवधिसम्म छुट, सुविधा तथा सहुलियत प्रदान गर्न सकिने रणनीतिमा उल्लेख छ ।

आन्दोलनबाट प्रभावित व्यावसायीलाई व्यवसाय वा अनुमतिपत्र नवीकरण गर्दा लाग्ने शुल्कमा एकपटक छुट दिन सकिने, पुनर्निर्माण गर्नुपर्ने उद्योग तथा व्यवसायका लागि नक्सा पास शुल्क, विद्युत् तथा खानेपानी जडान शुल्क र एकीकृत सम्पत्ति करमा समेत निश्चित मापदण्डका आधारमा एकपटक छुट सुविधा उपलब्ध गराउने व्यवस्था गर्न सकिने रणनीतिमा उल्लेख छ ।

क्षतिग्रस्त उद्योग वा व्यवसायलाई नयाँ स्थानमा स्थानान्तरण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नुपर्ने व्यवस्था मिलाउन वातावरण नियमावली तथा अन्य कानुन संशोधन गर्ने पनि रणनीतिमा उल्लेख छ । त्यस्तै, क्षतिग्रस्त निजी उद्योग तथा व्यवसायको पुनरुत्थानका लागि बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

रणनीतिले लगानीकर्ताका लागि नियामकीय प्रक्रिया सरल बनाउने विषयलाई पनि प्राथमिकता दिएको छ । उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयका विद्युतीय प्रणालीबीच अन्तर-आबद्धता कायम गरी उद्योग तथा व्यवसाय दर्तासम्बन्धी प्रक्रिया सहज बनाउने सरकारको योजना छ ।

औद्योगिकीकरण र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्न औद्योगिक कच्चा पदार्थ र अन्तिम तयारी वस्तुमा लाग्ने भन्सार महसुलमा कम्तीमा दुई तहको फरक दर कायम गर्ने व्यवस्था पनि रणनीतिमा प्रस्ताव गरिएको छ । त्यस्तै, करसम्बन्धी नीति तथा कानुनअनुसार दिइएका छुट, सुविधा तथा सहुलियतलाई कम्तीमा पाँच वर्षसम्म स्थिर राख्ने व्यवस्था गरिने उल्लेख छ ।

रणनीतिले खानीजन्य उद्योगको प्रवर्द्धनलाई समेत समेटेको छ । खानी तथा खनिज, वन तथा राष्ट्रिय निकुञ्ज, वातावरण, भूमि र स्थानीय सरकार सञ्चालनसम्बन्धी कानुनमा समसामयिक परिमार्जन गरी खानी अन्वेषण तथा उत्खननको अनुमति, वन क्षेत्रको भोगाधिकार, वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति, रूख कटान तथा खानी क्षेत्रको जग्गासम्बन्धी कामलाई खानी तथा भूगर्भ विभागबाटै हुने व्यवस्था मिलाउने लक्ष्य राखिएको छ ।

सार्वजनिक पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक-निजी साझेदारी (पिपिपी) 'मोडल'बाट लगानी परिचालन गरी व्यापारिक 'लजिस्टिक' लागत घटाउने रणनीति पनि अघि सारिएको छ । सरकारले लघु, घरेलु तथा साना उद्योग र 'स्टार्टअप'लाई समेत रणनीतिको महत्वपूर्ण हिस्साका रूपमा समेटेको छ । स्थानीय तहमा सञ्चालित उद्यमशीलता विकास तथा रोजगारी सिर्जना कार्यक्रमलाई तीन तहका सरकारको लागत साझेदारीमा सञ्चालन गर्ने व्यवस्था गरिने जनाइएको छ ।

रणनीतिअनुसार लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि उद्यमशीलता तथा सीप विकास, प्रविधि अनुशरण, प्रविधि हस्तान्तरण र रैथाने प्रविधिको स्तरोन्नतिका कार्यक्रम विस्तार गरिनेछन् । त्यस्तै, नयाँ सोच तथा प्रविधिमा आधारित वस्तु तथा सेवा उत्पादनलाई प्रोत्साहन गर्न युवा लक्षित 'स्टार्टअप' कर्जाको सीमा र दायरा विस्तार गरिनेछ ।

यसैगरी निजी क्षेत्रबाट सञ्चालित रुग्ण उद्योगको पहिचान तथा वर्गीकरण गरी पुनःसञ्चालन हुनसक्ने उद्योगलाई पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि प्रचलित कानुनअनुसार छुट, सुविधा र सहुलियत उपलब्ध गराउने व्यवस्थासमेत गरिएको छ । सरकारले रुग्ण घोषणा गरेका उद्योगलाई पनि कानुनअनुसार उपलब्ध सेवा, सुविधा तथा सहुलियत प्रदान गरिने सरकारद्वारा जारी रणनीतिमा स्पष्ट गरिएको छ ।

# कृषि बिमाको प्रिमियममा अनुदान उपलब्धि गराउने कार्यविधि लागू

काठमाडौँ, २ भदौ (रासस) ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले 'कृषि पशुपन्छी तथा जडिबुटी बिमाको प्रिमियममा अनुदान उपलब्धि गराउने कार्यविधि, २०८३' सोमबारदेखि कार्यान्वयनमा ल्याएको छ ।

मन्त्री गीता चौधरीले मन्त्रिस्तरीय निर्णयबाट कार्यान्वयनमा ल्याइएको सो कार्यविधिले यस अघिको कार्यविधिका तुलनामा प्रक्रियालाई सरलीकरण बनाएको र सरोकारवाला व्यक्ति तथा निकायलाई जिम्मेवारी बनाएको छ । कार्यान्वयनका लागि मन्त्रालयले सबै प्रदेशका कृषि सम्बन्धी मन्त्रालयमा कार्यविधि पठाइएसकेको जनाएको छ ।

कार्यविधिमा कृषि पशुपन्छी तथा जडिबुटी बिमा कार्यक्रम कार्यान्वयनको समन्वय गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा नौ सदस्यीय निर्देशक समिति गठनको व्यवस्था गरिएको मन्त्रालयका उपसचिव शिवा अर्यालले जानकारी दिनुभयो ।

त्यस्तै सम्बन्धित प्रदेशको कृषि मन्त्रालयको सचिवको संयोजकत्वमा एक समन्वय समिति रहने र सो समितिको संरचना प्रदेश मन्त्रालयले गठन गरेबमोजिम हुने उल्लेख कार्यविधिमा उल्लेख छ । कार्यविधिअनुसार कृषि सम्बन्धी बीमालेखअन्तर्गत अदुवा, अन्न विऊ बाली उत्पादन, अलैची, आँप, आलु, उखु, कफि, कागती, किवी, केरा, खाद्यान्न बाली, चिया, च्याउ, जुनार, ड्रागन फल, तरकारी, दलहन बाली, धान, फलफूल, बेसार, मौरी, सुन्तला, ओखर, स्याउ रहेका छन् ।

त्यस्तै जडिबुटी सम्बन्धी बीमालेखअन्तर्गत टिमुर र मेन्था तथा पशुपन्छी बीमालेखअन्तर्गत पन्छी, पशुधन, बंगुर, बाख्रा, माछा र घाँसे बाली रहेका छन् । बीमाङ्क रकम प्रति बीमालेख रु एक करोडसम्म ८० प्रतिशत र रु एक करोडभन्दा माथिको अतिरिक्त बीमाङ्क रकमको हकमा ५० प्रतिशत अनुदान प्राप्त हुने व्यवस्था कार्यविधिमा उल्लेख छ ।

## विश्व समाचार

# ४० प्रतिशत स्वास्थ्य संस्थामा मात्र आधारभूत सरसफाइ

जेनेभा, २ भदौ (रासस/एएफपी) ।

विश्वका १० मध्ये चारवटा स्वास्थ्य सेवा संस्थाले मात्र बिरामी तथा स्वास्थ्यकर्मीका लागि आवश्यक आधारभूत सरसफाइ मापदण्ड पूरा गरेका छन् । संयुक्त राष्ट्रसङ्घको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) र युनिसेफले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार विश्वका ११ प्रतिशत स्वास्थ्य संस्थामा सरसफाइ सेवा नै उपलब्ध छैन ।

डब्ल्युएचओ र युनिसेफको प्रतिवेदनले पहिलोपटक स्वास्थ्य सेवा संस्थामा आधारभूत सरसफाइ सेवाको विश्वव्यापी अवस्था मापन गरेको हो । सन् २०२५ का लागि गरिएको अनुमानमा केवल ४० प्रतिशत स्वास्थ्य संस्थामा बिरामी तथा कर्मचारीका आवश्यकता पूरा गर्ने, पहुँचयोग्य र प्रयोग गर्न मिल्ने शौचालय रहेको पाइएको छ ।

आधारभूत सरसफाइ मापदण्ड पूरा गर्न कर्मचारीका लागि छुट्टै कम्तीमा एउटा शौचालय, महिनावारी स्वच्छताका सुविधासहित कम्तीमा एउटा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय तथा सीमित गतिशीलता भएका व्यक्तिका लागि पहुँचयोग्य कम्तीमा एउटा शौचालय हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

सत्तरी देशको तथ्याङ्कमा आधारित प्रतिवेदनले स्वास्थ्य संस्थामा सरसफाइ सेवाको अवस्था क्षेत्रअनुसार निकै फरक रहेको देखाएको छ । उपसहारा अफ्रिकाका केवल २३ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत सरसफाइ सेवा उपलब्ध गराएका छन् भने मध्य तथा दक्षिण एसियामा यस्तो सेवा उपलब्ध गराउने संस्थाको हिस्सा ५५ प्रतिशत रहेको छ ।

प्रतिवेदनअनुसार विश्वभर १० मध्ये एकभन्दा बढी स्वास्थ्य संस्थामा कुनै प्रकारको सरसफाइ सेवा छैन । यस्ता संस्थाले करिब ९३ करोड ६० लाख मानिसलाई स्वास्थ्य सेवा प्रदान गर्ने गरेका छन् ।

सरसफाइबाहेक प्रतिवेदनले स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, स्वच्छता, वातावरणीय सफाइ तथा स्वास्थ्य सेवा फोहोर व्यवस्थापनको अवस्थासमेत मूल्याङ्कन गरेको छ । सन् २०२५ मा विश्वका करिब ८५ प्रतिशत स्वास्थ्य संस्थामा आधारभूत खानेपानी सेवा, ७२ प्रतिशतमा आधारभूत स्वच्छता सेवा र ७१ प्रतिशतमा स्वास्थ्य सेवा फोहोर व्यवस्थापनका आधारभूत सुविधा रहेको पाइएको छ ।

वातावरणीय सफाइको अवस्था भने अझ कमजोर देखिएको छ । केवल ५९ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत वातावरणीय सफाइ मापदण्ड पूरा गरेका छन् । यसका लागि निश्चित सफाइ प्रक्रिया तथा त्यसमा तालिमप्राप्त कर्मचारी आवश्यक पर्ने र सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा यसको महत्त्वपूर्ण भूमिका रहने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनका अनुसार करिब एक अर्ब ५० करोड मानिसलाई सेवा प्रदान गर्ने १८ प्रतिशत स्वास्थ्य संस्थाले वातावरणीय सफाइका कुनै पनि आधारभूत आवश्यकता पूरा गरेका छैनन् । यससम्बन्धी निष्कर्ष ५४ देशको तथ्याङ्कमा आधारित छ ।

गरिब तथा विकासका दृष्टिले पछाडि परेका देशमा स्वास्थ्य संस्थाको सरसफाइ अवस्था अझ कमजोर रहेको पाइएको छ । विश्वका अति कम विकसित राष्ट्रमा केवल २४ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत वातावरणीय सफाइ मापदण्ड पूरा गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका स्वास्थ्य तथा बालसम्बन्धी निकायले स्वास्थ्य संस्थामा सरसफाइ, खानेपानी र फोहोर व्यवस्थापनको कमजोर अवस्थाले बिरामी तथा स्वास्थ्यकर्मी दुवैको स्वास्थ्य जोखिम बढाउन सक्ने भएकाले आधारभूत सुविधामा लगानी र प्रभावकारी व्यवस्थापन आवश्यक रहेको औँल्याएका छन् ।

# एआईले दक्षिण कोरियाली युवाको रोजगारीमा जोखिम

सियोल, २ भदौ (रासस/सिन्ह्वा) ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को तीव्र विस्तारसँगै दक्षिण कोरियामा युवाहरूका रोजगारीका अवसरमा गम्भीर जोखिम देखिएको केन्द्रीय बैंकको एक प्रतिवेदनले जनाएको छ । पछिल्ला चार वर्षमा युवाको रोजगारी दुई लाख ८५ हजारले घटेकामा ९४ प्रतिशत अर्थात् दुई लाख ६८ हजार रोजगारी एआईको उच्च जोखिम भएका क्षेत्रमा गुमेको पाइएको छ ।

राष्ट्रिय पेन्सन सेवा (एनपीएस) का ग्राहक अभिलेख तथा आर्थिक रूपमा सक्रिय जनसङ्ख्यासम्बन्धी सर्वेक्षणका आधारमा तयार गरिएको बैंक अफ कोरिया (बीओके) को प्रतिवेदनले एआईको उच्च जोखिम भएका उद्योगमा युवाको रोजगारी घट्ने क्रम जारी रहेको जनाएको छ ।

प्रतिवेदनअनुसार पछिल्ला चार वर्षमा सूचना सेवामा युवाको रोजगारी ३१.४ प्रतिशतले घटेको छ । यसैगरी प्रकाशन क्षेत्रमा २७.४ प्रतिशत, कम्प्युटर प्रोग्रामिङमा १६.६ प्रतिशत र व्यावसायिक सेवामा ११.६ प्रतिशतले युवा रोजगारी घटेको पाइएको छ ।

युवाका लागि रोजगारीका अवसर खुम्चिँदै गए पनि सोही उद्योगमा ५० वर्ष उमेर समूहका कामदारको रोजगारी भने बढेको प्रतिवेदनले जनाएको छ । यसले एआईको विस्तारसँगै श्रम बजारमा पुस्तागत अन्तरसमेत बढ्दै गएको सङ्केत गरेको छ ।

बीओकेको प्रतिवेदनले भने एआई प्रविधिको विस्तारलाई मात्र रोजगारी घट्नुको कारण मान्न नहुने स्पष्ट गरेको छ । एआईलाई कसरी प्रयोग गरिन्छ भन्ने कुराले रोजगारीमा पर्ने प्रभाव निर्धारण गर्ने प्रतिवेदनको निष्कर्ष छ ।

मानवले गर्दै आएका कामलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने गरी एआई प्रयोग भएका उद्योगमा युवाको रोजगारीमा बढी गिरावट देखिएको छ । तर मानव कामलाई सहयोग गर्ने तथा उत्पादकत्व बढाउने उपकरणका रूपमा एआई प्रयोग भएका क्षेत्रमा युवा भर्तीमा नकारात्मक प्रभाव तुलनात्मक रूपमा सीमित रहेको प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनले एआई अपनाउने वा नअपनाउनेभन्दा पनि व्यवसायहरूले एआईलाई मानव श्रमको विकल्पका रूपमा प्रयोग गर्छन् वा मानव क्षमतालाई सहयोग गर्ने साधनका रूपमा प्रयोग गर्छन् भन्ने विषय रोजगारीको परिणामका लागि महत्त्वपूर्ण हुने निष्कर्ष निकालेको छ ।

यसले एआईको विकाससँगै रोजगारीको स्वरूप परिवर्तन भइरहेका बेला विशेषगरी श्रम बजारमा प्रवेश गर्न खोजिरहेका युवाका लागि नयाँ सीप र प्रविधिसँग अनुकूलन गर्ने क्षमता महत्त्वपूर्ण बन्दै गएको देखाएको छ ।

# सांसदलाई मन्त्री बनाउने निर्णय सच्चाउन अग्रगामी मोर्चाको माग



**दैनिक समाचारदाता**
**राजविराज, २ भदौ ।**

विभिन्न दल सम्मिलित अग्रगामी मोर्चाले जसपा नेपालको निर्देशन विपरित लुम्बिनी प्रदेशमा सो पार्टीका सांसदलाई मन्त्री बनाउने निर्णय सच्चाउन माग गरेको छ ।

मोर्चाको मंगलबार बसेको बैठकले उक्त निर्णय गर्दै सातै प्रदेश सभामा जसपाका सांसदहरूले सरकारको पक्षमा मतदान गराउने कार्यको समेत मोर्चाले विरोध गरेको छ ।

बैठकपछि मोर्चाले जारी गरेको विज्ञप्तिमा 'संसदीय व्यवस्था, लोकतान्त्रिक प्रणालीको मान्यता विपरीत हुनुका साथै अनैतिक कार्य समेत भएको हुँदा सोको मोर्चा घोर भर्त्सना र निन्दा गर्दछ । उक्त अनैतिक एवं असंसदीय कार्यलाई तुरुन्त सच्चाउन समेत अनुरोध गरिन्छ', भनिएको छ ।

मोर्चाको बैठकले आगामी प्रदेश निर्वाचनसम्म मोर्चाका कुनै घटक दलहरू प्रदेश सरकारहरूमा सहभागी नहुने सर्वसम्मतिले निर्णय गरेको छ । मोर्चामा जसपा नेपाल, आजपा, प्रलोपालगायतका राजनीतिक दलहरू सहभागी छन् ।

# घरधुरी सर्वेक्षणले विपद्बारे बदलियो मोहनको बुझाइ

**विकेएलके**
**राजविराज, २ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ का ३४ वर्षीय मोहन प्रसाद साहका लागि घरधुरी सर्वेक्षण एउटा सामान्य काम मात्र थिएन ।

सर्वेक्षणका क्रममा घर-घर पुग्दै गर्दा उनले आफ्नै गाउँ-समाज विपद्को कति ठूलो जोखिममा छ भन्ने कुरा नजिकबाट बुझ्ने अवसर पाए ।

आसमान नेपालका लागि घरधुरी सर्वेक्षकको तालिम लिएपछि उनी तिलाठी कोइलाडी गाउँपालिका ६ मा घरधुरी सर्वेक्षकका रुपमा खटिए । सर्वेक्षणका क्रममा उनले परिवारका सदस्यको विवरणसँगै विपद्सम्बन्धी अवस्था, बालविवाह, सरसफाइ, विधवा अवस्था, जीवन बीमा, आयस्रोत र पेशालगायतका विवरण संकलन गरे ।

घर-घर पुगेर तथ्यांक संकलन गर्ने क्रममा उनले स्थानीय बासिन्दाको जीवनसँग जोडिएका अनेक समस्या र जोखिम देखे । त्यसमध्ये बाढीको जोखिम सबैभन्दा ठूलो रहेको उनले महसुस गरे ।

"म यहाँकै बासिन्दा हुँ । तर, घरधुरी सर्वेक्षणमा खटिएपछि मात्र यहाँ कति जोखिम रहेछ भन्ने थाहा पाएँ," साहले भने, "घर-घर पुग्दा बाढीले वर्षेनी पुऱ्याउने दुःख र क्षतिको अवस्था नजिकबाट बुझ्ने मौका पाएँ ।"

सर्वेक्षणले उनलाई विपद्को जोखिम बुझाउने मात्र होइन, जोखिमको समयमा तत्काल काम गर्नुपर्छ भन्ने व्यवहारिक पाठ पनि सिकायो ।

२०८३ वैशाख २६ गते तिलाठी कोइलाडी गाउँपालिका ६ निवासी जुगाई यादवको घरमा अचानक आगलागी भयो । त्यसबेला साह भोज खाइरहेका थिए । एकाएक नजिकै आगलागी भएको खबर आएपछि उनी भोज खान छाडेर आगो नियन्त्रणतर्फ लागे ।

"हामी भोज खाँदै थियौँ । एक्कासि नजिकै आगलागी भएको खबर आयो । त्यसपछि भोज खान छाडेर आगो नियन्त्रणमा लाग्यौँ," उनले सम्झिए ।

घटना लगत्तै प्रहरी र दमकललाई खबर गरियो । स्थानीय, प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइयो । समयमै सूचना दिने, सम्बन्धित निकायलाई बोलाउने र स्थानीयस्तरबाट तत्काल उद्धार तथा नियन्त्रणमा जुट्ने कामले ठूलो क्षति हुनबाट जोगाउन सहयोग गऱ्यो ।

मर्सीकोर्प्स नेपाल र कोका-कोला फाउन्डेसनको सहयोग तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा आसमान नेपालले सञ्चालन गरेको 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' मा जोडिएपछि साहको विपद् हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ।

"तालिम र सर्वेक्षणबाट हामीले विपद्का बेला तत्काल निर्णय गरेर काम गर्नुपर्छ भन्ने सिक्यौँ," उनले भने, "भोज खानु भन्दा पनि आगो नियन्त्रण गर्नु पहिलो प्राथमिकता हो भन्ने कुरा त्यही बेला व्यवहारमा बुझ्यौं ।"

मोहनका लागि विपद् व्यवस्थापन अब अरुको जिम्मेवारी मात्र होइन । जोखिम पहिचान गर्ने, समयमै सूचना दिने र विपद् आइपर्दा समुदायसँगै अघि सर्ने जिम्मेवारी पनि आफ्नो भएको उनी ठान्छन् । घरधुरी सर्वेक्षणबाट सुरु भएको सिकाइ अहिले समुदायको सुरक्षा र विपद् प्रतिकार्यमा उपयोगी सीपमा परिणत हुँदै गएको मोहन बताउँछन् ।



घरधुरी सर्वेक्षण र विपद्बारे अनुभव सुनाउँदै मोहन प्रसाद साह ।
*तस्बिर : राजविराज दैनिक*

# मानव बेचबिखन तथा ओसारपसार विधेयकबाट 'वेश्यावृत्ति' शब्द हटाउन सांसदहरुको सुझाव

काठमाडौं, २ भदौ (रासस) ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयकमा सांसदहरुले महिलाको सम्मान गर्नु पर्ने बताउँदै विधेयकमा प्रयोग गरिएको 'वेश्यावृत्ति' शब्द हटाउन सुझाव दिनुभएको छ ।

महिला, बालबालिका लैङ्गीक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले सोमबार प्रतिनिधि सभामा प्रस्तुत गर्नुभएको विधेयकमाथि सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरुले पीडितको पक्षमा कानुन निर्माण गर्न जोड दिनुभएको हो । सांसद इन्दीरा रानामगर, साजिदा खातुन सिद्धिकी, शोभा खनालगायत सांसदले विधेयकमा धेरै ठाउँमा प्रयोग गरिएको 'वेश्यावृत्ति' शब्द हटाउन आग्रह गर्नुभयो । महिलाको सम्मानको सवाल भएकाले विधेयकमा वेश्या जस्ता शब्द हटाउनुपर्नेमा सांसदहरुको जोड थियो ।

यसका साथै, सांसद सृष्टि भट्टराईले मानव बेचबिखनको स्वरुप परिवर्तन भएकाले समयसापेक्ष कानुन निर्माण गर्नुपर्ने धारणा राख्नुभयो । यसका साथै विदेशमा अलपत्र परेका नागरिकको उद्धार गर्न 'र्‍यापीट रेस्पोन्स टिम' टोली खडा गर्नुपर्छ ।

सांसद मनमाया विश्वकर्माले मानबेचबिखन सम्बन्धी कानुन निर्माण गर्दा अपराधीलाई सजाय तोक्नु मात्रै होइन, पीडितको अधिकार र उपचारको विषय पनि समेटिनुपर्ने धारणा राख्नुभयो । सांसद निश्कल राईले पीडितको उद्धार पश्चात क्षतिपुर्ति र सामाजिक सम्मानसहितका कानुनी व्यवस्था हुनुपर्छ ।

### शैयाबाटै रामपरीद्वारा ...

थलिएकी छिन् । गोडा सुन्निने र हिड्न गाह्रो हुने समस्या देखिएपछि आफन्त र छिमेकीबाट रकमको जोहो गरी उनलाई धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो ।

त्यहा उपचारका क्रममा चिकित्सकले उनको दुवै मृगौला काम नगरिरहेको बताए । उपचारका लागि परिवारको आर्थिक अवस्थाले धान्न नसक्ने भएपछि उनलाई फिर्ता ल्याईको भतिजी आरतीले सुनाईन् ।

अहिले उनको गजेन्द्र नारायण सिंह अस्पतालमा भतिजी आरती र निभाले स्याहार सुसार गरिरहेकी छिन् । रामपरीले शुभचिन्तक तथा शुभेच्छुक समक्ष सहयोगको हात फैलाएकी छिन् ।

उनले घर परिवार चलाउने काका जयनारायण आफै पनि बिरामी परेकाले काकीको उपचारमा थप समस्या उत्पन्न भएको सुनाईन् । उनले सहयोगका लागि मोबाईल नम्बर ९७६३८३९३६ मा पनि सम्पर्क गर्न समेत सबैमा आग्रह गरेकी छिन् ।

### मलखाद वितरणमा ...

आफुले २०८१ साल मै किसान कार्ड बनाएर मलखाद्यका लागी डिलर कहाँ धाएको धाए पनि हालसम्म एक पटक पनि मलखाद पाउन नसकेको गुनासो पोखे ।

किसान लालो प्रसाद रामले डिलर संस्थाका संचालक चौधरीले मलखाद वापत मनपरी रकम लिने र विल समेत नदिने गरेको गुनासो पोखे ।

यता वडाअध्यक्ष रामकृष्ण चौधरीले उक्त आरोपमा कुनै सत्यता नरहेको र डिलरसँग कुनै मिलोमतो नभएको तथा पारदर्शी ढंगले नै मलखाद विक्री वितरण भइरहेको दाबी गरे ।

उनले किसान कार्ड बनाउदा जग्गाधनी प्रमाण पुर्जालाई आधार बनाइएकोमा एउटै परिवारका २ देखी ३ जनाको नाम सिफारिस भइआउदा समस्या उत्पन्न भएको तथा सोको छानवीन गरी एउटा परिवारबाट एक जनाले मात्रै किसान कार्ड पाउने व्यवस्था मिलाउन लागिएको जानकारी दिए ।

डिलरका संचालक चौधरीले पनि सो आरोपको प्रतिवाद गर्दै किसान कार्ड लिएर आउनेलाई मात्र मलखाद दिएको र कुनै कालो बजारी नगरेको दाबी गरे ।

### हटाइदै अतिक्रमित ...

आसपासका सार्वजनिक जग्गा मिचेर बसेका फुटपाथे पसलहरुलाई खाली गर्न आग्रह गर्दा पनि बेवास्ता गरेकाले नगरपालिकाले ती संरचनाहरु हटाउन थालेको कार्यवाहक नगरप्रमुख परवीनको भनाई छ ।

सार्वजनिक जग्गा मिच्ने सबैलाई क्रमशः ३५ दिने, १५ दिने र ७ दिने सूचना प्रकाशित गरी पटक-पटक समय दिदा पनि कतिपय व्यक्तिले अझै अटेर गरिरहेको पाइएपछि ती संरचना हटाउन सुरक्षाकर्मीको टोली सहित निस्किनु परेको उनको कथन छ ।

नगरपालिकाले हालसम्म सिरहा रोड, कञ्चनपुर रोड, कुनौली रोड, मच्छहट्टा रोड तथा मुख्य बजार क्षेत्रको मेनरोडको अतिक्रमित तथा सडक मापदण्ड भित्र परेका जग्गाहरुमा बनाइएको घर, टहरा र पसल डोजर लगाएर भत्काइ सकेको छ ।

यसैबीच मंगलबार साँझ अदालत रोडको छेउमा लगाइएको विभिन्न तरकारी बजार समेत हटाइएको छ । कावा नगरप्रमुख परविन तथा वडा नं. ७ का अध्यक्ष सुभाषचन्द्र यादवको नेतृत्वमा सडक छेउका तरकारी बजार हटाइएको हो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी ,सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय सप्तरी, राजविराज

मिति २०८३/४/२९

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं.७ अर्ष नारायण सिंह नाममा कायम रहेका साविक प्रगन्ना मझौवा मौजे झुटकी सा.कि.नं.५३१ को ज.वि. ०-१४-१३ जग्गा सिता प्रसाद सिंह नाममा ७ नं. फाटवारी भरेको उक्त जग्गा सर्वे नापी हुदा जिल्ला सप्तरी गा.वि.स.झुटकी वाड न.२क कि.न.६३ को ०-४-८ भै ३ नं. नापी टोलीको द.न.२३८ को आदेश बमोजिम किता नं.६३ बदर भै कि.न.५४३ र ५४४ कायम भएको कि.न.५४३ सिता प्रसाद सिंहबाट रजिष्ट्रीभै जागेश्वरी देवी कायम भएको हो फिल्डबुकमा उल्लेख रहेको मा निज मिति२०७२ /१२/३ मा मृत्यु भै एकमात्र छोरा जिल्ला सप्तरी गा.वि.स. बनैनिया वार्ड नं ३ हाल राजगढ गा.पा. वडा नं. २ बस्ने रघुनन्दन ठाकुरको नाति जटाधर ठाकुरको छोरा रमानन्द ठाकुरले जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी को यस कार्यालयमा द.नं. १६३९१ मिति २०८२/१०/९ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/४/२७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकारसार्वजनिक सामुदायिक डगर बाटो ऐलानी प्रति गोचर समसानघाट पैनी पौवा पार्क हाटमेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अर्ष नारायण सिंह | झुटकी | २क | ५४३ | ०-३-१६ | रमानन्द ठाकुर | यो जग्गा फिल्ड बुक जागेश्वरी देवी उल्लेख रहेको |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*